# उत्सर्ग उपन्यासमा लैङ्गिकता

**तुलसी शर्मा***

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक आलेखमा सानु शर्माद्वारा लिखित 'उत्सर्ग' उपन्यासलाई लैङ्गिकताका आधारमा विश्लेषण गरिएको छ। यस आलेखमा वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ। यसमा लैङ्गिकताको परिचय दिनुका साथै नेपाली समाजमा नारीहरूले भोग्नुपरेका पीडा, लैङ्गिक अवधारणा र नारीले बाँच्न चाहेको स्वअस्तित्वसहितको स्वतन्त्र जीवन देखाइएको छ। प्रस्तुत लेखको सामग्री वा तथ्याङ्क सङ्कलन पुस्तकालयको प्रयोगबाट गरिएको छ। तेह्र वर्षको उमेरमै गौरवको प्रेममा परेकी आर्याले गौरवबाट थुप्रै मानसिक र शारीरिक पीडा सहनु परेको छ भने लैङ्गिक उत्पीडनको सिकार पनि बन्नु परेको छ। नारी शरीरको वस्तुकरण मात्र गर्ने गौरवले कहिले साराको जीवनमाथि खेलेर उसलाई मृत्युको मुखमा पुऱ्याएको छ भने कहिले आफूलाई प्रेम गर्ने आर्यालाई शारीरिक र मानसिक यातना दिँदै मध्यरातमा छोडेर गएको छ। आफ्नी विवाहिता पत्नी प्रियालाई पनि उसले यातना सिवाय अरू केही दिएको देखिँदैन। आफ्नै बलमा अस्तित्वसहितको स्वतन्त्र जीवन बाँचेको कुरा आर्याका माध्यमबाट देखाइएको छ भने पुरुषले मात्र नारीलाई छोड्न सक्दैनन् बरु नारीले पनि पुरुषलाई छोड्न सक्छन् भन्ने कुरा प्रियाले गौरवलाई छोडेकाबाट देखाइएको छ। 'उत्सर्ग' उपन्यासमा नेपाली नारीले भोग्नुपरेका पीडा, खेप्नुपरेका लैङ्गिक उत्पीडन, उनीहरूमा आएको लैङ्गिक अवधारणा र स्वअस्तित्वसहित जीवन बाँच्न चाहाने नारी चाहनालाई विश्लेषण गरिएको छ। पुरुषविना पनि नारी अस्तित्वसहितको सफल र स्वतन्त्र जीवन जिउन सक्ने देखाएर लैङ्गिकतालाई स्पष्ट पारिएको छ।*

**शब्दकुञ्जी**

जैविक, पण्यीकरण, भाष्य, मर्दाना, यौनिक।

---

* उपप्राध्यापक, ऐश्वर्य विद्यानिकेतन, कैलाली।

# [Gender in *Utsarga* Novel

**Tulasi Sharma**

**Abstract**

*This piece of research writing entitled Utsarga has been written by a feminist writer, Sanu Sharma. In her writing she has used both descriptive as well as analytical methodologies to examine gender issues. The text presents a brief overview of gender along with the pain women have been enduring in context of Nepal. The text also depicts how women in Nepal are striving to live an independent life beyond all sorts of sufferings. All the materials and statistical reports deployed in the text are taken from a library. A girl named Aarya who is just thirteen years old falls in love with Gaurav who incessantly gives her pain both physically and mentally. Since Aarya is unable to resist this harassment, she is compelled to spend a miserable life for some time. Gaurav who often objectifies women exploits Aarya and ultimately leads her to death. Moreover, the lady who has married Gaurav is also going through the same kind of harassment. The text highlights how Aarya, in spite of such a dire tragedy, strives to run her life with a sense of self existential motion. This instance has been marked as a symbol of women empowerment in Nepal which shows not only a man but also a woman can avoid her partner if necessary. This novel depicts pain of the Nepalese women and a new wave of conscience that has helped women like Aarya to live a free and more confident life without any support of the male.*

**Keywords**

Living thing, Treating women as objects, Commentary, Masculinity, Sexuality.]

**विषयपरिचय**

*उत्सर्ग* उपन्यास सानु शर्माका थुप्रै आख्यानहरूमध्ये एउटा हो। नेपाली साहित्यको इतिहासमा लैङ्गिक लेखनलाई सशक्त र प्रभावकारी बनाउन सानु शर्माको विशेष योगदान रहेको छ। २०५० को दशकदेखि लेख्न सुरु गरेकी शर्माले आख्यान क्षेत्रमा आफ्नो प्रभावपूर्ण उपस्थिति देखाएकी छन्। *अर्धविराम* (२०६२), *जीतको परिभाषा* (२०६७), *अर्थ* (२०६८), *विप्लवी* (२०७४), *उत्सर्ग* (२०७७) जस्ता उपन्यास र *एकादेशमा* (२०७६) कथा गरी आधा दर्जनजति आख्यान लेखेकी छन्। *उत्सर्ग* (२०७७) उपन्यास लैङ्गिक चिन्तनको प्रयोग गरी लेखिएको छ। अस्ट्रेलियामा बसेर नेपालीमा कथा लेख्ने शर्मा अरू लेखकले झैँ आमाको प्रशंसा गर्नुको साटो आमाको निर्मम आलोचना गर्न कत्ति पनि डराउँदिनन्। उनका धेरै जसो कथाहरू पारिवारिक सम्बन्धसँग जोडिएर लेखिएका छन्। आमाबुबाले छोराछोरीमाथि गर्ने विभेद, दाजुभाइले दिदीबहिनीमाथि गर्ने व्यवहार, समाजमा नारीहरूलाई हेर्ने दृष्टिकोण आदिलाई उनले आफ्ना आख्यानमार्फत देखाएकी छन्। उनका

आख्यानमा मान्छेको हृदय छुन सक्ने र रुवाउन सक्ने क्षमता लुकेको हुन्छ । उनी सामाजिक यथार्थ, पारिवारिक जीवनमूल्य, नारीका भोगाइ, पीडा, अनुभूति र सङ्घर्ष आदिलाई विषयवस्तु बनाएर आख्यान लेख्ने आख्यानकार हुन् । पात्रका मनका अन्तर्तहमा पुगेर तिनको सूक्ष्म विश्लेषण गर्नु, घटनालाई आकस्मिक मोड दिनु, प्रथम पुरुष शैली र पूर्वदीप्ति शैलीमा लेख्नु उनका औपन्यासिक विशेषता हुन् ।

*उत्सर्ग* सानु शर्माको लैङ्गिक समस्यामा केन्द्रित भएर लेखिएको उपन्यास हो । यसमा नेपाली समाजमा व्याप्त लैङ्गिक उत्पीडनलाई देखाइएको छ । मानव समाजमा व्याप्त महिला, पुरुषबिचका विभेदको अन्त्यको चाहना लैङ्गिकताले राखेको हुन्छ । नारीवादअन्तर्गत सन् १९८० को दशकमा लैङ्गिक अध्ययनको विकास भएको हो । समाजमा खास गरी सामाजिक जीवन र विकासका कार्यहरूमा महिलाहरूको कमजोर स्थिति र त्यसका पछाडि महिलासम्बन्धी परम्परित धारणाका पृष्ठभूमिमा यस पद्धतिको विकास भएको हो । लिङ्गलाई कसरी सामाजिकीकरण गरिएको छ र त्यसले महिलालाई केकस्तो भूमिका दिएको छ त्यसको अध्ययन लैङ्गिकताअन्तर्गत गरिन्छ । लैङ्गिक तथा यौनिक भिन्नता भएकै कारणबाट शिक्षा, स्वास्थ्य, राजनीति, धर्म, संस्कृति, यौन, अर्थ, कानुन, परिवार, समाज आदि क्षेत्रमा पुरुषले नारीमाथि वा नारीले पुरुषमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्ने विचार लैङ्गिकताले गर्दछ । नेपाली साहित्यको इतिहासमा लैङ्गिक विभेदलाई सशक्त र प्रभावकारी बनाउन सानु शर्माको विशेष योगदान रहेको छ । उनी सामाजिक यथार्थ, पारिवारिक जीवनमूल्य, छुवाछुत, कुसंस्कार, लैङ्गिक विभेद, जातीय विभेद आदिलाई विषयवस्तु बनाएर उपन्यास लेख्ने उपन्यासकार हुन् । लैङ्गिकताका कारण नारीहरूलाई प्रशासनिक, राजनीतिक, सामाजिक आदि सबै क्षेत्रमा पछाडि पारिएको छ भने शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्तिको हक आदिमा निकै कम पहुँच दिइएको छ ।

सानु शर्माका आख्यानहरूको लैङ्गिक रूपमा छुटपुट केही अध्ययन भए पनि लैङ्गिकतामा केन्द्रित भएर विशिष्ट अध्ययन, अनुसन्धान नभएकाले शोधरिक्तता देखिएको छ र त्यही रिक्तताको परिपूर्तिका लागि यो अनुसन्धान अपेक्षित देखिन्छ । नेपाली साहित्यको अनुसन्धानका क्षेत्रमा यसले मौलिक ज्ञानको निर्माण गर्ने भएकाले यो लेख औचित्यपूर्ण हुने छ । *उत्सर्ग* उपन्यास एक महत्त्वपूर्ण प्राज्ञिक अध्ययनको विषय हो । जातीयता, कुसंस्कार, कुरीति, अन्धविश्वास आदि चिन्तनमा आधारित भएर लेखिएको भए तापनि लैङ्गिकताका आधारमा उत्सर्ग उपन्यास सबल र सफल देखिन्छ । उत्सर्ग उपन्यासमा लैङ्गिक अस्तित्वसम्बन्धी चिन्तन कसरी प्रकट भएको छ भन्ने जिज्ञासा नै यस लेखको मुख्य प्राज्ञिक समस्या हो । उपर्युक्त मूल समस्याको समाधान गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ । *उत्सर्ग* उपन्यासमा केन्द्रित हुनु यस लेखको कृतिगत सीमा हो भने लैङ्गिकताको खोजी गर्नु सैद्धान्तिक सीमा हो । लैङ्गिकताभित्र पनि लैङ्गिक उत्पीडन, लैङ्गिक अस्तित्व र लैङ्गिक अवधारणाको मात्र अध्ययन गर्नु विषयगत सीमा हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । यसमा लैङ्गिकताका बारेमा लेखिएका पुस्तकहरू र *उत्सर्ग* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र अन्य सामग्रीलाई द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । सामाग्रीको सङ्कलन आगमनात्मक विधिबाट गरिएको छ । निगमनात्मक विधिबाट सैद्धान्तिक पक्ष र उपन्यासको विविध सन्दर्भको खोजी गरिएको छ । प्रस्तुत लेखलाई गुणात्मक अनुसन्धान ढाँचामा संरचित गरिएको छ । उपन्यास लैङ्गिक अस्तित्वबोधमा आधारित देखिन्छ । एक्काइसौँ शताब्दीमा पुग्दा पनि नारीलाई जबरजस्ती

बोकाइएको उत्पीडनमय जीवनको चित्रण यहाँ गरिएको छ । *उत्सर्ग* उपन्यासलाई लैङ्गिक उत्पीडन, लैङ्गिक अस्तित्व र लैङ्गिक अवधारणाका आधारमा व्याख्या-विश्लेषण गरिएको छ भने यसमा निगमनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

आधुनिकताको विरोधमा जन्मेको उत्तरआधुनिकता नवीन चिन्तन बोकेको बहुलवादी र छाता सिद्धान्त हो । यसले प्रत्येक केन्द्रको भञ्जन हुनुपर्ने कुरामा जोड दिएको हुन्छ । उत्तरआधुनिकताकै पृष्ठभूमिमा नारीवादको जन्म भएको देखिन्छ । नारीवाद राजनीतिक आन्दोलनका रूपमा विकसित भएको हो । यसको मुख्य उदेश्य मूलधारबाट पछाडि पारिएका अन्यको कोटिमा पर्ने नारी वर्गको वकालत गर्नु हो । नारीवादअन्तर्गत १९८० का दशकबाट लैङ्गिक अध्ययनको विकास भएको पाइन्छ । लैङ्गिकता प्राकृतिक नभएर सामाजिक अवधारणा हो । लिङ्ग जीववैज्ञानिक विषय हो भने लैङ्गिकता सांस्कृतिक विषय हो । पुरुष र महिलाका आधारमा गरिने व्यवहार र दिइने भूमिका नै लैङ्गिकता हो । समाजमा खास गरी सामाजिक जीवन र विकासका कार्यहरूमा महिलाको कमजोर स्थिति र त्यसका पछाडि महिलासम्बन्धी परम्परित धारणाका पृष्ठभूमिमा यस सिद्धान्तको विकास भएको हो । यो मान्छेसित जन्मजात रूपमै टाँसिएर आउने कुरा होइन, उसको धारणामा पछि विकसित हुने कुरो हो ।

फेमिनिजमले नारीवाद र मासकुनिटीले मर्दानालाई बुझाएको देखिन्छ । यी दुवै कुराले लैङ्गिकतालाई निर्धारण गरेको पाइन्छ । समाजमा पुरुषले आफ्नो मर्दाना देखाएर नारीमाथि गर्ने दमन, शोषण र विभेदले समाजमा लैङ्गिकतालाई प्रश्रय दिएको देखिन्छ (Beasley, 2005, p. 2) । फेमिनिजम र मर्दाना यी दुवैमाथि लेखकले आफ्नो धारणा व्यक्त गरेका छन् । लेखकका अनुसार नारीवाद जैविक हो भने मर्दाना सामाजिक अवधारणा हो । यही समाजिक अवधारणाले समाजमा विभेद ल्याएको उनको मत रहेको छ । लैङ्गिकता सामाजिक अवधारणा हो भने लिङ्ग जैविक अवधारणा हो (Butler, 1999, p. 4) । समाजले नै नारी, पुरुषमा विभेद ल्याई नारीलाई उत्पीडनको सिकार बनाइको हुन्छ । पितृसत्ताद्वारा पछि पारिएका नारी समुदायको स्वपहिचान र अस्तित्वको खोजी गर्नु पनि लैङ्गिक पहिचानको विषय हो (ढुङ्गाना, २०७७, पृ. ८) । नारीहरूको आफ्नै छुट्टै अस्तित्व र पहिचान भएको कुरालाई यसले स्विकार्दछ । यसमा नारीको मात्र नभई पुरुषको पनि अध्ययन हुनुका साथै तेस्रो लिङ्गी र समलैङ्गिकताको पनि अध्ययन गरिन्छ । शारीरिक संरचनालाई आधार बनाएर पितृसतात्मक भाष्यका जगमा लिङ्गको सामाजिकीकरण गर्ने र त्यसलाई एक प्रकारले सामाजिक सांस्कृतिक वैधता प्रदान गर्ने काम समाजमा गरिन्छ । विवाहले यौनसम्बन्ध राख्न र बच्चा जन्माउन स्वीकृति दिएको हुन्छ । नाता जैवीकीय सम्बन्ध हो तापनि परम्परागत समाजमा यो महिलामाथिको दमन गर्ने संरचागत व्यवस्था पनि हो । पतिको घरमा गएर नाता सम्बन्ध स्वागत, सत्कार, सेवा गर्नु महिलाको कर्तव्य नै हुन्छ भने यसले लैङ्गिक उत्पीडन र शोषणको आधार पनि तयार पार्दछ (भट्टराई, २०७७क, पृ. १३९) । लैङ्गिकताका आधारमा एकले अर्कालाई पीडा दिनु लैङ्गिक उत्पीडन हो । लैङ्गिकता शारीरिक भिन्नताका आधारमा नारी र षुरुषका कामको बाँडफाँड, श्रमविभाजन, उनीहरूको सामाजिक भूमिका र उनीहरूका बिचको शक्तिसम्बन्धसम्बन्धी दृष्टिकोणसँग सम्बन्धित छ ।

सामान्यतया महिला वा पुरुषविरुद्धको भेदभाव भन्नाले महिला वा पुरुष भएका कारण व्यक्ति वा नागरिकलाई समानरूपमा प्राप्त हुनुपर्ने हक उपभोग गर्न नपाउने गरी लगाइएको बन्देज भन्ने बुझिन्छ । लैङ्गिक भेदभावले पुरुष र महिलाबिच गरिने फरकफरक व्यवहारसमेतलाई

बुझाउँछ। यससम्बन्धी राजेन्द्र खनालको विचार यस्तो रहेको छ– "पितृसत्तात्मक एवं अन्य मूल्य मान्यतामा आधारित रहेर महिलाविरुद्ध गरिने व्यवहार नै भेदभाव हो" (२०७५, पृ. २८)। महिला भएकै नाताले महिलामाथि गरिने दमन, शोषण, अन्याय, अत्याचार, यौनहिंसा, मानसिक पीडा आदि लैङ्गिक विभेदका उदाहरण हुन्। जन्मिदा शारीरिक विभेदबाहेक अन्य विभेद नभएका नारीमा नारीवत् गुणहरू सारा कृत्रिम र जन्माइएका अर्थात् उनीहरू जन्मिएपछि जबरजस्ती ओढाइएका हुन्। महिला पैदा हुन्न बरु उसलाई बनाइन्छ (पाण्डे, २०६९, पृ. ५)। यसरी समाज, संस्कार र धर्मले महिला तथा पुरुषमा विभेद ल्याएको हुन्छ। विभेद जन्मजात ल्याइएको गुण होइन्। विभेद मूलत : राजनीतिक प्रणालीका रूपमा रहेको हुन्छ र त्यसले नै महिलालाई सामाजिक, आर्थिकलगायतका क्षेत्रमा पछि पार्दै लगेको छ (भट्टराई, २०७७ख, पृ. १३६)। यसरी विभिन्न बहानामा समाजमा महिलामाथि भएको विभेद नै लैङ्गिक विभेद हो। महिला भएकै कारणले उनीहरू हिंसाको सिकार बनेका हुन्छन्। सामाजिक हिंसाहरूमध्ये लैङ्गिक हिंसा दमनको अर्को रूपमा रहेको छ र यसले लैङ्गिक अधीनस्थतालाई बुझाउँछ (भट्टराई, २०७७क, पृ. ६)। पितृसत्तात्मक समाजमा महिलामाथि विभिन्न किसिमका हिंसा हुने गर्दछन्। भ्रुणहत्या, शिशुहत्या, बोक्सीको आरोप, सती प्रथा, यौनच्छेदन, बलात्कार, यौनजन्य हैरानी, मानसिक यातना, कुटपिट, रजस्वलाका समयका व्यवहार आदि घटनाहरूले महिलामाथिको हिंसालाई प्रस्ट्याउँछ। अन्यत्र कतै शक्तिशाली हुन नसकेको पुरुष पनि आफ्नो वृत्तका महिलाका अगाडि भने शक्तिशाली रहेकै हुन्छ (त्रिपाठी, २०६८, पृ. ९६)। नेपाली समाजमा अरू काम केही गर्न नसक्ने पुरुषले श्रीमती कुटेर पुरुषार्थ देखाउने विडम्बना रहेको छ। नारीमाथि दमन, शोषण, अन्याय, अत्याचार गरेर ठुलो भइन्छ भन्ने सोच उनीहरूले पारिवारिक र सामाजिक संस्कारबाटै पाएको देखिन्छ।

एउटा लिङ्गद्धारा अर्को लिङ्गलाई दिइने पीडा नै लैङ्गिक उत्पीडन हो। लैङ्गिक अध्ययनले महिला र पुरुषको समान अस्तित्व, समान पहुँच र समान अधिकारको कुरा गर्दछ। विभेदकारी अमानवीय संस्कृतिबाट मानव समाजलाई पूरै व्युझाई समानताको संस्कृतिप्रति अनुरक्त पार्ने प्रयास नै लैङ्गिक अवधारण हो (पाण्डे, २०६९, पृ. २)। पितृसत्तात्मक चिन्तन, दमन, शोषण र उत्पीडनका कारण लैङ्गिक अवधारणको जन्म भएको पाइन्छ। पितृसत्तात्मक समाजका कारणले विश्वमा अधिकांश समाजका पुरुषले महिलामाथि अनेकौँ दुर्व्यवहारहरू गरिरहेकाले लैङ्गिक उत्पीडन भनेको महिला हिंसाको पर्याय बनेको देखिन्छ। लैङ्गिक विभेदसम्बन्धी रमेशप्रसाद भट्टराई आफ्नो मत यसरी व्यक्त गर्दछन्– "पुरुष र महिलामा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा समाजमा लैङ्गिक विभेद जन्मेको हो" (२०७७क, पृ. १३५)। महिला र यौनिक अल्पसङ्ख्यकमाथिको भेदभाव समाजका राजनीतिक, अर्थ, राष्ट्रियता, शिक्षा, स्वास्थ्य, कानुन, विवाह, परिवारलगायत मानव अधिकारका क्षेत्रमा पनि देखिएको छ। यसरी विभेद मूलतः राजनीतिक प्रणालीका रूपमा रहेको पाइन्छ र त्यसले नै महिलालाई सामाजिक, आर्थिकलगायत क्षेत्रमा पछि पार्दै गएको देखिन्छ। लैङ्गिक विषयमा जेजति कुरा उठे पनि विभेदको अन्त्य भने भएको देखिँदैन। महिलाहरूलाई अझसम्म पनि पुरुषसरह व्यवहार र अवसर दिइएको पाइँदैन। सामाजिक न्यायका खोजीमा भएका आन्दोलनले भेदभावको अवस्थामा कमी ल्याए पनि लैङ्गिक उत्पीडन अहिले पनि संसारकै मुख्य मुद्दा भएको छ।

## नतिजा र विमर्श

सानु शर्माको *उत्सर्ग* उपन्यास लैङ्गिकताको प्रयोग गरी लेखिएको छ। धनसम्पति र मानसम्मानका लागि एक मात्र सन्तान आर्यालाई छोडेर उसका आमाबुबा अमेरिका गएका हुन्छन्।

एक्लोपनमा सहयोग गर्ने गौरवलाई आर्याले मन पराएकाले उसका लागि पारिवारिक इज्जत, सुखसुविधा सबै छोडेर गौरवसँगै जीवन जिउन अस्ट्रेलिया पुगेकी छ तर त्यहाँ उसले गौरवबाट शारीरिक र मानसिक यातना मात्रै पाएकी छ। गौरवले सारालाई प्रेमको नाममा पण्यीकरण गरेर मर्न बाध्य बनाएको र आफ्नी श्रीमती प्रियालाई पनि उत्पीडनसिबाय केही नदिएको कुरा उसले त्यही थाहा पाएकी छ। समयले ल्याएको परिवर्तन, दुःखको सामना गर्नसक्ने क्षमता अनि पुरुषसत्ताप्रति विद्रोह गर्नसक्ने आँट र साहस *उत्सर्ग* उपन्यासमा देखाइएको छ। यस लेखमा लैङ्गिकताभित्रका लैङ्गिक अवधारणा, लैङ्गिक उत्पीडन र लैङ्गिक अस्तित्वसम्बन्धी चिन्तनको अध्ययन गरिएको छ।

## लैङ्गिक अवधारणा

विभेदकारी अमानवीय संस्कृतिबाट मानव समाजलाई पूरै ब्युँझाई समानताको संस्कृतिप्रति अनुरक्त पार्ने प्रयास नै लैङ्गिक अवधारणा हो। नारीसत्तामाथि पुरुषले कब्जा जमाउन थालेपछि लैङ्गिक अवधारणा आउँछ। लैङ्गिक अवधारणाले समाजद्धारा निर्मित विभेदको अन्त्य गरी समानता र समताको चाहना राख्दछ। लिङ्गका आधारमा एउटा श्रेष्ठ देखिनु र अर्को पीडा र उत्पीडनमा बाँच्न विवश गरिनुले समाजमा लैङ्गिक अवधारणाको जन्म भएको देखिन्छ। यौनिकताका आधारमा नारीलाई समाजमा विभिन्न किसिमका उत्पीडन, विभेद, अन्याय, अत्याचार, दमन, शोषण सहन बाध्य पारिएको छ। लैङ्गिक अवधारणाले सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, प्रशासनिक सबै क्षेत्रमा नारी र पुरुषको समान सहभागिता, समान पहुँच, समान स्वतन्त्रता र समान अधिकारको कुरा गरेको छ। नारीहरू कमजोर नभएको कुरालाई उपन्यासमा यसरी देखाएको छ :

> कस्ले भन्छ स्वास्नी मान्छेहरू कमजोर हुन्छन् भनेर ? आदित्य जस्तो शक्तिशाली, सम्पन्न पुरुषलाई आफ्नो हठका कारण यसरी चकनाचूर पार्न सक्ने स्वास्नी मान्छे कसरी कमजोर ? होला, शायद उनीहरूलाई आफ्नो शक्ति सही ठाउँमा प्रयोग गर्न नआउला, तर कमजोर ? हुनै सक्दैनन्। (पृ.३११)

प्रायः पुरुषहरूले नारीहरूलाई निरीह र कमजोर ठानेका हुन्छन् र त्यहीअनुसारको व्यवहार गरिरहेका देखिन्छन् तर नारीहरू यति शक्तिशाली हुन्छन् कि उनीहरू जस्तोसुकै शक्तिशाली र सम्पन्न पुरुषलाई आफ्नो अगाडि झुकाउन सकिरहेका पाइन्छन्। आर्याको हठका अगाडि पनि आदित्य जस्तो शक्तिशाली र सम्पन्न पुरुष चकनाचुर भएको छ। नारीहरूले आफ्नो शक्ति सही ठाउँमा प्रयोग गर्न नसकेको भए पनि नारीहरू कमजोर हुँदै नभएको कुरा उपन्यासमा देखाइएको छ। नारीहरू कति सबल र शक्तिशाली छन् भन्ने कुरा स्वयं उनीहरूलाई पनि थाहा नभएको देखिन्छ। आफूलाई निरीह, कमजोर र बेसहारा सम्झिरहेकी आर्याको प्रेममा आदित्य जस्तो सम्पन्न र शक्तिशाली मान्छे झुकेको देखाएर नारीहरू कमजोर होइनन्, निकै शक्तिशाली भएको देखाइएको छ। पुरुषबिना बाँच्न नसक्ने र अर्को बिहे गर्न नसक्ने ठानिएका नारीले एउटा पुरुषलाई त्यागेर अर्कोसँग बिहे गरी शक्तिशाली र सम्पन्न जीवन जिएको कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> ओके देन। मैले हिड्ने तरखर गर्दै भने, छुट्टिने वेला मानिसहरू सबै फेरि भेटौँला भनेर छुट्टिने गर्दछन्। तर म यो विश्वासका साथ तिमीबाट अलग हुँदै छु कि, आइन्दा जिन्दगीमा हाम्रो कहिल्यै भेट हुन्न। यसै विश्वासका साथ म तिमीसँगका ती पीडादायक सारा यादहरू यही छोडेर जाँदैछु। यो तिम्रो वेलको लागि जुन दौडधुप र पैसा मेरो हस्वेन्डले तिम्रो लागि खर्च गरीराछन् सम्झ त्यो मेरो तिमीसँग विता दश वर्षको गल्तीको मुआवजातको अन्तिम किस्ता हो। यसपछि हामीबीच घृणा पनि बाँकि रहन्न। (पृ.३३७)

पुरुषबिना नारीहरूले केही गर्न सक्दैनन् भन्ने सोचका साथ आर्यालाई छोडेको गौरव रेप केसमा जेल पुगेको देखिन्छ भने आर्याले ऊभन्दा सुन्दर, शक्तिशाली र सम्पन्न आदित्य जस्तो विशालहृदयी पुरुषसँग बिहे गरेको देखिन्छ। गौरवसँगको आफ्नो दश बर्से सम्बन्धको अन्त्य गर्न गौरवलाई भेट्न आर्या जेलमै पुगेकी छ र गौरवसँग अब कहिल्यै नभेट्ने बाँचाका साथ त्यहाँबाट गएकी देखिन्छ। यसैका साथ गौरवसँग बिताएका दश बर्से नमिठा र पीडादायक सारा यादहरू पनि छोडेर गएको कुरा आर्याले गरेकी छ। गौरवले निरीह, कमजोर ठानेकी आर्याले यति शक्तिशाली, सम्पन्न र विशालहृदयी पुरुषसँग बिहे गरेकी छ कि उसले गौरवको सम्पूर्ण खर्च ब्यहोरेर वेलको व्यवस्था गरिदिएको छ।

आर्याले आफूले सधैँ प्रेम गरेको र उसका लागि आफ्नो आत्मसम्मान, आफ्ना आमाबुबाको राजसी सुखसयल छोडेको, आफ्नो जिन्दगी उसैको खुसीमा लगाएको र उसबाट सहअस्तित्वसहितको सहयात्राको चाहना राखे पनि गौरवले भने उसलाई शारीरिक र मानसिक यातना दिएर छोडेको देखिन्छ। गौरवका अगाडि आफूले सम्मानजनक मानवीय जीवन बाँचेको देखाउन र आफ्ना पुराना सम्बन्धको अन्त्य गर्दै नयाँ जीवनको सुरुवात गर्ने ध्येयले आर्या जेलमा भएको गौरवलाई भेट्न गएको देखिन्छ। त्यहाँ अरूको जीवनमाथि सधैँ खेलबाड गर्ने गौरवजस्तो पुरुषको आत्मग्लानि, आँखामा पीडाको आँसु र लज्जित शिर झुकेको कुरालाई यसरी देखाइएको छ :

> यसपटक उसले टाउको उठाएर मलाई यसरी हेर्‍यो, मानौा मैले उसको गालामा दह्रो थप्पड हानिदिएँ। उसको अनुहारको रङ्ग खरानी झै हुँदै गयो। आँखामा आँसु टचल्कियो। उसले काँतर स्वरमा भन्यो, 'यतिका दिनमा तिमी पहिलो व्यक्ति हौ।' उसको आँसुको भेल छुट्यो, तैपनि बोलिरहयो, के स्वास्नी, 'के बाउआमा, के दिदीबहिनी, के दाइभाइ, के साथीहरू सबैले मलाई नै दोषी ठहर्‍याएर पन्छिसके। तर तिमी.........।' (पृ. ३३२)

आफूले दश वर्ष उसको यौवनसँग खेलेर छोडेकी आर्या जेलमा स्वाभिमान, आत्मसम्मान र गौरवका साथ भेट्न आएको देखेपछि गौरव केही बोल्न नसक्ने भएको छ। उसले टाउको झुकाएर आफूले गल्ती नगरेको कुरा गरेको छ। आर्याले 'मलाई थाहा छ' भनेपछि भने टाउको उठाएर यसरी हेरेको छ मानौँ आर्याले उसका गालामा थप्पड हानेकी छ। उसको अनुहारको रङ्ग खरानी भएर उडेको छ, आँखामा आँसु छचल्किएका छन्। उसको स्वर कातर सुनिन्छ। सधैँ अरूलाई कमजोर र उपभोग्य वस्तु ठान्ने गौरव आफैँ यति कमजोर र निरीह बनेको हुन्छ कि उसको कातर स्वरबाटै थाहा पाइन्छ। आफ्नी श्रीमती, आफन्त, साथीभाइ, आमाबुबा कसैले पनि आफ्नो विश्वास नगरेर आफूलाई नै दोषी देखाएको कुरा गौरवले गरेको छ तर जसलाई उसले त्यागेको छ त्यसैले उसको विश्वास गरेको देख्दा ऊ खरानी झैँ भष्म भएको छ।

गौरवले कमजोर ठानेर त्यागेकी आर्याका अगाडि गौरव आफैँ कमजोर र कातर देखिएको छ भने आर्या सबल र सफल देखिएकी छ। आर्याको शब्दको थप्पड गौरवको गालामा परेको छ। ठुला, शक्तिशाली र सम्पन्न पुरुषहरू पनि नारी शक्तिको अगाडि झुकेका देखिन्छन्। नारीहरू कोमल भएको तर कमजोर चाहिँ कहिल्यै नभएको कुरा आर्याको अदम्य साहस, स्वाभिमान र सफल जीवनबाट थाहा पाउन सकिन्छ। नारीको साहस, स्वाभिमान, सफलता र सबलताका साथै नारीको प्रतिरोधी भावनालाई समेत उपन्यासमा देखाइएको छ।

## लैङ्गिक उत्पीडन

सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा कसैप्रति शारीरिक मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्‍याउने कार्यहरूलाई लैङ्गिक उत्पीडन मानिन्छ। लिङ्गका आधारमा हुने कुनै पनि

प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि कार्य यसभित्र नै परेका हुन्छन् । उत्पीडन भनेको एक व्यक्तिले अर्को व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अपमान हो । यो शारीरिक, मानसिक, आर्थिक, यौनजन्य जुनसुकै पनि हुन सक्दछ । उत्पीडन जोसुकैमाथि पनि हुन सक्छ तर नेपाली समाजमा पुरुषको तुलनामा महिला नै उत्पीडनको सिकार बनेका देखिन्छन् । *उत्सर्ग* उपन्यासमा महिलाहरूले विभिन्न किसिमका उत्पीडनको सिकार हुनुपरेको पाइन्छ । यस उपन्यासमा श्रीमान्‌बाट भएको लैङ्गिक उत्पीडनलाई यसरी देखाइएको छ :

> मेरो जिन्दगीमा थुप्रै चीज यस्ता घटेका थिए, जुन सामान्यतया कसैलाई पत्याउन गाह्रो पर्थ्यो । गौरवले ममाथि हात उठाउनु पनि तिनैमध्ये एक थियो । मैले नै विश्वास गर्न सकिनँ, जीवनमा यस्तो दिन पनि आउन लेखेको रहेछ भनेर । लाग्यो- भयानक सपना देखिरहेकी छु । तर होइन, उसले साँच्चै ममाथि हात उठाएको थियो । एकचोटि होइन, दुई पटक । (पृ.२४८)

आर्याले गौरवलाई माया गरेकीले आफ्ना आमाबुबाको मानसम्मान, राजसी ठाँटबाँट, जात सबै त्यागेर गौरवलाई अपनाएकी हुन्छ तर गौरवको झुट, प्रताडना, विश्वासघात र उपेक्षाले उसका भावनालाई ध्वस्त पार्दै लगेको हुन्छ । उसको मायाप्रेम र सम्बन्धबाट विश्वास उठ्दै गएको हुन्छ । त्यसैमा जसका लागि सबै कुरा त्यागेर आएको हो, त्यसैले एक चोटि होइन दुईदुई चोटि थप्पड हिर्काउँदा उसलाई विश्वास गर्न गाह्रो भए पनि त्यो पीडा यथार्य हुन्छ । आर्याले आफ्नो शरीरप्रतिको नियन्त्रयण गुमाउँदै गएकी छ र ऊ आफैँभित्र निर्वासन भएकी देखिन्छ । आफन्तबाट शारीरिक र मानसिक पीडा पाउनु उसलाई भ्रम र सपना जस्तो लागे पनि त्यो यथार्थ भएको थाहा पाएपछि आर्यालाई यो कुराले झनै मर्माहित तुल्याएको देखिन्छ । पुरुषले जहिले पनि आफूलाई नै शक्तिशाली ठानेर नारीमाथि हात उठाई आफ्नो पुरुषार्थ देखाउन खोजेको देखिन्छ । गौरवले पनि यहाँ त्यही गरेको छ । नारीहरू जतिसुकै पढेलेखेका र कमाउने हुन उनीहरूमाथिको नियन्त्रण गर्न सात समुन्द्रपारि पुग्दा पनि पुरुषले छोडेको देखिँदैन ।

नेपाली समाजमा पुरुषहरूले नारी शरीरको पण्यीकरण गरिरहेको देखिन्छ । उनीहरूले नारीलाई आवश्यकताअनुसार उपभोग गरी छोडिदिएको पाइन्छ । आफ्नो आवश्यकता पूरा गर्नका लागि तिम्रा लागि आकाशका जूनतारा नै झारिदिन्छु भन्नेहरू आवश्यकता पूरा भइसकेपछि जुनतारा नै देखाइदिइरहेका भेटिन्छन् । नेपालमा रहँदा वा नेपालबाहिर जहाँ जाँदा पनि गौरवलाई पुरुषचिन्तन र पुरुष दम्भले छोड्न सकेको देखिँदैन । गौरवले आफ्नो आवश्यकता पूरा भएपछि आर्यालाई गलहत्याएर दिएको उत्पीडनलाई तलको साक्ष्यबाट प्रस्ट पारिएको छ :

> तिमीसँग त कुरा गर्नु वेकार छ । ऊ जङ्गियो, "कुरालाई बङ्ग्याएर कहाँबाट कहाँ पुर्‍याउन सक्यौ तिमी ! आजित भइसक्या छु म तिमीसँग । कस्तो दिनमा देखेछु मैले तिम्रो अनुहार ।" 'आई फिल सफ्फोकेटेड ।' उसले जवरजस्ती हात छुटाएर मलाई आफूबाट पर धकेल्दै भन्यो, 'आइ निड टु व्रिद, जुन म तिमीसँग रहेर गर्न सक्दिनँ ।' र, ऊ अघि बढ्यो । (पृ.२५१)

आफूलाई मन पर्दासम्म र आफ्नो स्वार्थ पूरा नहुँदासम्म घण्टौँसम्म कुरा गरिरहने गौरवले आफ्नो स्वार्थ पूरा भएपछि भने आर्यालाई तिमी कुरै बुझ्दिनौ, तिमीसँग कुरै गर्नु बेकार छ भनेको छ । ऊ रिसले जङ्गिदै तिम्रो अनुहार कुन दिनमा देखेछु भन्न पनि पछि परेको देखिँदैन । नारीका लागि प्रयोग गरिने निम्नस्तरीय भाषिक प्रयोगलाई पनि यहाँ देखाइएको छ । "तिमीसँग बस्दा मलाई सास फेर्न पनि गाह्रो भएको छ, मलाई सास फेर्नु छ जो तिमीसँग बसेर संभव छैन" भन्दै आर्यालाई आफूबाट पर धकेलेर मध्यरातमा गौरव आर्यालाई लत्याउँदै घर छोडेर गएको देखिन्छ । पुरुषले नारी

शरीरको वस्तुकरण गरेको हुन्छ भन्ने कुरा गौरवबाट प्रमाणित भएको देखिन्छ । वस्तुलाई प्रयोग गरेर डस्बिनमा फाले झैँ आर्यालाई प्रयोग गरी गौरवले फालेको देखिन्छ । सामान्य झगडाको निहुँमा गौरवले तिमीसँग बस्न सक्दिन भन्दै घर छोडेको देखिन्छ । पहिले तिमीबिना बाँच्न सक्दिन भन्ने गौरव दश वर्षसम्म उसको शरीरको उपभोग गरिसकेपछि भने तिमीसँग बसेर म सास फेर्न सक्दैन भनेर मध्यरातमा उसलाई लत्याएर गएको देखिन्छ । यहाँ गौरवले आर्यालाई शारीरिक र मानसिक पीडा दिएको पाइन्छ । पुरुषद्वारा नारीको वस्तुकरण भएको कुरा पनि उपन्यासमा देखाइएको छ ।

पुरुषले नारीको जन्म आफ्नै उपभोगका लागि भएको ठानी त्यसैअनुसार व्यवहार गरेको पाइन्छ । नारीको शरीर र उसको अस्तित्वमाथि आफ्नो नैसर्गिक अधिकार रहेको ठानेको हुन्छ । यतिसम्म लैङ्गिक उत्पीडन दिइएको छ कि नारीहरू सहन नसकेर मर्न बाध्य भएका देखिन्छन् । गौरवले साराको शरीर र जीवनमाथि खेलिसकेपछि उसलाई मर्न बाध्य पारिएको कुरालाई यसरी देखाइएको छ :

> त्यो कुनै सही नियत भएको मान्छेले दिने जवाफ थियो ? आर्या, डराउनु कायरता होइन, किनभने कतिपय डरले मान्छेलाई अनावश्यक झमेलाबाट जोगाउँछ । तर जिम्मेवारीलाई पिठ्यूँ देखाउनु कायरता हो । सारा प्रिग्नेन्ट थिई । गौरवले त्यसको जिम्मेवारी आफू हुँदै होइन भनेपछि साराले त्यसलाई आफ्नो चरित्रमाथिको आक्षेप सम्झिई र बाथरुमको ढोका बन्द गरेर आफूलाई सलको पासोमा झुन्ड्याई.... । (पृ.२५८)

नेपाली समाजका पुरुषले नारीलाई यतिसम्म पीडा दिएका हुन्छन् कि उनीहरू सहन नसकेर मर्न बाध्य भएका हुन्छन् । गौरवले प्रेमको नाममा साराको यौवनसँग खेलेको छ तर जब ऊ गर्भवती भएकी छ तब आफू त्यसको जिम्मेवारी हुँदै होइन भनेर पन्छिन खोजेको छ । आफ्नो गल्तीको भारी उसले सारालाई बोकाइदिएको छ । पुरुष सोच र दम्भका कारण नारीमाथि जे गरे पनि हुन्छ भन्ने प्रवृत्ति अझै पनि पुरुषमा जीवित रहेको देखिन्छ । यहाँ साराले प्रेम गर्नु र कुनै पुरुषलाई विश्वास गर्नु नै गल्ती मानिएको छ । प्रेम गर्ने तर प्रेमको निशानी स्विकार्न नसक्ने उल्टै नारीमाथि नै दोष लगाउने गौरव प्रवृत्तिले गर्दा निर्दोष सारा आफ्नो अमूल्य जीवन समाप्त गर्न पासोमा झुन्डिएकी हुन्छ । गौरवले आफ्नो जिम्मेवारीबाट पन्छिने कायरता देखाउँदा साराजस्ता निर्दोष नारीले ज्यानसम्म फाल्नुपरेको कुरालाई उपन्यासमा देखाइएको छ ।

उत्सर्ग उपन्यासमा लैङ्गिक उत्पीडनका कुराहरूलाई मुख्य रूपमा देखाइएको छ । आफूले प्रेम गरेको गौरवले आर्यामाथि एक चोटि होइन, दुईदुई चोटि हात उठाउनु, तिमीसँग बस्न सक्दिन, तिमीसँग बसेर सास फेर्नु सम्भव छैन भनेर मध्यरातमा आर्यालाई त्यागेर जानु, सारासँग प्रेमको नाममा उसको यौवन र शरीरसँग खेल्नु, ऊ गर्भवती भएपछि यो मेरो बच्चा होइन, अरू कसैको हो भनेर उल्टो उसैलाई दोष दिई मर्न बाध्य बनाइनु गौरवबाट आर्या र साराले पाएका उत्पीडन हुन् । गौरवले प्रेमको बहानामा सारा र आर्यालाई दिनसम्म उत्पीडन दिएको छ । उसको पुरुष अहंले नारीलाई उपभोग्य वस्तुबाहेक अरू केही मानेको देखिँदैन । उसले सारा र आर्यालाई मात्रै होइन विवाह गरेकी प्रियालाई पनि दिनसम्म पीडा दिएको छ, जुन पीडा सहन नसकेर ३ बर्से विवाहित जीवनलाई समाप्त गर्दै प्रिया गौरवबाट अलग भएकी छ । यसरी उत्सर्ग उपन्यासमा गौरवले आर्या, सारा र प्रिया जस्ता नारीलाई कहिल्यै सम्मान गर्न नसकेको, उनीहरूको शरीरको वस्तुकरण गरी जहिले पनि पीडा मात्रै दिएको देखिन्छ ।

## लैङ्गिक अस्तित्व

मान्छेले आफूलाई कुनै ईश्वर अथवा अरूको हातको खेलौना नसम्झेर आफूलाई केवल मान्छे सम्झनु र आफ्नो अस्तित्व छ भनेर थाहा पाउनु अस्तित्वबोध हो भने नारीले आफ्नो

स्वपहिचान, आफू हुनुको अर्थ, अस्मितता र वास्तविकताको खोजी गर्नु नारीमा आएको अस्तित्वबोध हो । लैङ्गिक विभेदका आधारमा नारीको पहिचानलाई गुमनाम गराउने पुरुष र पितृसत्तात्मक सोच बोकेका नारीसमेतको विरोध गरी नारीको छुट्टै पहिचान र अस्तित्व हुन्छ भन्ने धारणा राख्नु नै नारी अस्तित्व हो । प्रियामा आएको लैङ्गिक अस्तित्वबोधलाई उपन्यासमा यसरी देखाइएको छ :

> स्वार्थी, कृतघ्न, अल्छी, लोभी, आत्माभिमानी, फटाहा ! मलाई त लाग्छ, आफैसँग पनि त साँचो बोल्न सक्दैन उसले । त्यस्तो मान्छेको कुरा तिमी भए पत्याउँथ्यौ होला र ? आफ्नो स्वार्थको लागि आँसुको भेल बगाउने, तर अर्काको चोटमा सहानुभूतिसम्म नदेखाउने । त्यस्तो पुरुषकी स्वास्नी हुनुभन्दा त वरु अभावमा एक्लै बाँच्नु ठिक लाग्यो मलाई । (पृ.३२०)

गौरवसँग बिहे भएर आएकी प्रियाले गौरवबाट प्रेम होइन, शारीरिक र मानसिक यातना मात्रै पाएको देखिन्छ । प्रियाको यौवनसँग खेलिसकेपछि गौरव प्रियाबाट अघाएको छ र त फेरि अरू केटीहरूतिर हेर्न लागेको देखिन्छ । त्यस्तो स्वार्थी, लोभी, आत्माभिमानी, पुरुषकी स्वास्नी बनिरहन प्रियाले चाहेको देखिँदैन तर पनि आफ्नो सम्बन्ध नटुटोस् भनेर प्रियाले उसको झुट र उसले दिएका पीडा सहेकी छ । गौरव यतिसम्म स्वार्थी देखिन्छ कि ऊ आफ्नो स्वार्थका लागि जे पनि गर्न सकिरहेको हुन्छ तर अरूको चोटमा सहानुभूतिसम्म पनि देखाउन सकिरहेको हुँदैन । प्रियामा आफू मान्छे हुनुको अस्तित्वबोध भएपछि गौरव जस्तो स्वार्थी, आत्माभिमानी मान्छेकी स्वास्नी भएर बस्नुभन्दा एक्लै बाँच्नु ठिक ठानेर उसलाई छोडेर गएकी छ । आफू पनि मान्छे भएको र आफ्नो पनि पुरुष जस्तै छुट्टै अस्तित्व भएको बोध गरी प्रियाले स्वअस्तित्वसहितको जीवन बाँच्ने निर्णय गरेको देखिन्छ । यसरी प्रियामा लैङ्गिक अस्तित्वबोध भएको कुरा उपन्यासमा देखाइएको छ । आफूले प्रेम गरेको गौरवले आफूलाई पीडाबाहेक केही नदिएको जाने पनि उससँग बस्न चाहने आर्यामा आएको अस्तित्वबोधलाई निम्नलिखित साक्ष्यबाट प्रस्ट पारिएको छ :

> उसको रूप देखेर म निकै बेर जिल्ल परिरहेँ । एकै छिन छटपटाएपछि मेरो मन अचम्मसँग शान्त भयो । खुट्टाहरू आपसेआप दह्रा भए । उसलाई देखेर आफ्ना कमजोरीहरूले एक पटक फेरि पराजित गर्ने त होइन भन्ने मेरो डर पनि मेटियो । जब आत्मविश्वासले शिरलाई चार इन्च उचाल्यो, तव मलाई लाग्यो –म गौरवभन्दा धेरै सक्षम र महत्वपूर्ण छु । सत्यमा छु । उसको र मेरो कुनै वरावरी थिएन, न हिजो न आज । (पृ.३३२)

आफूलाई गलहत्याएर अर्कैलाई अपनाउने गौरवका अगाडि शिर ठाडो पारेर एकजोर दह्रा खुट्टामा उभिने र उसलाई नारी हुनुको अर्थबोध गराउने इच्छा आर्याले राखेकी हुन्छ । त्यहीअनुसार ऊ गौरवलाई भेट्न गौरव थुनिएको ठाउँमा गएकी छ र त्यहाँ उसको रूप देखेर ऊ छक्क परेकी छ । गौरवको मुर्झाएको हरित अनुहार देखेपछि उसको मनमा शान्ति फैलिएको छ । आर्याको आत्मविश्वासले उसलाई चार इन्च उचालेको छ र उसलाई गौरवभन्दा आफू धेरै सक्षम, महत्त्वपूर्ण, सही र सत्य छु भन्ने बोध भएको छ । अरूलाई मान्छे नठान्ने गौरव रेप केसमा जेलमा कोचिएको हुन्छ भने आर्या एउटा स्वाभिमानी व्यक्तिसँग बिहे गरेर आफ्नै खुट्टामा उभिन सक्षम भएकी छ । आर्याले आफू हुनुको अस्तित्वबोध गरेपछि गौरवलाई जीवनको दौडमा कोसौँ पछाडि छोडेर निकै अगाडि बढ्न सफल भएकी छ ।

आर्यालाई छोडेर प्रियासँग बिहे गरेको गौरवले प्रियालाई पनि यातनासिबाय अरू थोक दिन सकेको देखिँदैन । मान्छे भएपछि अरूको हिंसा नसहने केवल आफू भएर आफ्नो अस्तित्वसहित जीवन बाँच्ने चाहनासहित प्रियाले गौरवलाई छोडेर हिँडेकी छ । गौरवबिना प्रियाले अस्तित्वसहितको जीवन बाँचेको र उसको निणर्य सही भएको कुरालाई यसरी देखाइएको छ :

> ऊ भन्दै थिई, 'त्यस बेला त रिसको झोँकमा, अपमान महसुस गरेर छाडेर हिँडिदिएँ तर जतिजति समय वित्दै छ, मलाई आफ्नो निणर्य सही लाग्दै गाछ' । मेरो आमाबुबाले पनि

सबै कुरा सुनेपछि 'ठिकै गरिस्' भन्नुभयो। अब म अलिक समय त्यता आउन्न होला। तिमी नेपाल आयौ भने भेट्न नबिर्सनू। (पृ.३२१)

श्रीमान्बाट अस्तित्वसहितको सहयात्राको चाहना राखे पनि त्यो पूरा हुनुको सट्टा अपमानबोध भएपछि प्रियाले गौरवलाई छोडेर हिँडेकी छ। सुरुमा रिसको झोकमा उसलाई छोडेको लागे पनि बिस्तारै भने उसलाई आफ्नो निर्णय सही लागेको देखिन्छ। गौरवले गरेका कार्यका बारेमा थाहा पाएपछि प्रियाका आमाबुबालाई पनि उसको निणर्य सही लागेको छ। आमाबुबाले पनि छोरी अपमानमा होइन, आफ्नो अस्तित्वसहितको जीवन बाँचोस् भन्ने चाहेको देखिन्छ। पीडा र ग्लानिले भरिपूर्ण अस्तित्वहीन मान्छे भएर, केवल कसैकी स्वास्नी भएर बाँच्नुभन्दा एक्लै आफ्नो अस्तित्वसहितको जीवन बाँच्न चाहेकी प्रियाले गौरवलाई छोडपत्र दिएर हिँडेकी देखिन्छ। गौरवबिना अस्तित्वसहितको पीडामुक्त जीवन बाँच्न सुरु गरेपछि प्रियालाई आफ्नो निर्णय सही लागेको छ।

*उत्सर्ग* उपन्यासमा नारीहरू केवल पुरुषको उत्पीडन सहेर बसेका देखिँदैनन्। उनीहरूले आफ्नो स्वअस्तित्वसहितको जीवन बाँच्न चाहेको देखिन्छ। आर्याले गौरवलाई छोडेर आदित्यसँग बिहे गरी दुइटा सन्तानकी आमा बनेर आफ्नो खुट्टामा उभिई अस्तित्वसहितको जीवन बाँच्न सफल देखिन्छे भने प्रियाले पनि गौरवको उत्पीडन सहेर अस्तित्वविहीन रूपमा अरूकी स्वास्नी भएर बाँच्न चाहेको देखिँदैन। त्यसैले त उसले आफ्नो छोरीलाई लिएर गौरवलाई छोडपत्र दिई नेपाल आएर अस्तित्वसहित पीडामुक्त जीवन बाँचेको देखिन्छ। प्रिया र आर्या दुवैले आफ्नो अस्तित्वसहितको जीवन बाँच्नका लागि नै गौरवजस्तो स्वार्थी, अभिमानी, लाछी व्यक्तिको त्याग गरेको उपन्यासमा देखाइएको छ।

## निष्कर्ष

*उत्सर्ग* उपन्यास नेपाली उपन्यास परम्पराभन्दा माथि उठेर लेखिएको देखिन्छ। यसमा लैङ्गिक उत्पीडन, लैङ्गिक अस्तित्वबोध र लैङ्गिक अवधारणालाई सशक्त रूपले चित्रण गरिएको पाइन्छ। गलत सामाजिक अवधारणा र गलत संस्कृतिले पुरुषले नारीलाई पीडा दिइरहेको र नारीले पीडा पाई नै रहेको कुरा उपन्यासमा देखाइएको छ। लैङ्गिक चेतना जागेपछि भने उत्पीडन सहनुको सट्टा त्यसको विरोध गरी नारीको छुट्टै अस्तित्व र पहिचानसहितको स्वतन्त्र जीवन स्विकार्न उपन्यास सफल देखिन्छ। नारी शरीरको पण्यीकरण गर्ने पुरुषसोच र प्रवृत्ति अन्त्यको चाहना पनि उपन्यासमा देखिन्छ। आमाबुबा, जातभात, सुखसुविधा सबै त्यागेर ब्राह्मणकी छोरी आर्या आफ्नो प्रेमी गौरवसँग बस्न अस्ट्रेलिया पुगेकी देखिन्छ तर गौरव भने त्यहाँ अरू नै केटीहरूसँग मस्ती गरिरहेको भेटिन्छ। अस्ट्रेलियामा आर्याले गौरवबाट शारीरिक र मानसिक यातनासिबाय अरू केही पाएको देखिँदैन। यतिसम्मकी गौरवले आर्यामाथि दुईदुई चोटि हात उठाएको देखिन्छ। प्रेमको बहानामा नारी शरीरमाथि खेल्न चाहने पुरुष प्रवृत्ति, मेल गेजका कारण सधैँ डसिनुपर्ने नारी बाध्यता, बिहे गरेर पनि अरू नै नारीसँग लहसिरहने पुरुष चरित्रले नारीलाई वस्तुका रूपमा मात्रै लिएको कुरा उपन्यासमा देखाइएको छ। ससाना बहानामा उत्पीडन, मानसिक यातना, दर्दबाहेक केही नदिने पुरुषका अगाडि यस उपन्यासका नारी पात्र आफ्नै दम्भमा पुरुषभन्दा सबल र सफल जीवन जिउन सफल भएको देखाएर उपन्यासमा लैङ्गिक उत्पीडन मात्र होइन, लैङ्गिक अस्तित्वबोधको पनि अभिव्यञ्जना गरिएको पाइन्छ। आफूलाई उत्पीडन दिइरहने अल्छी, स्वार्थी, लोभी, आत्माभिमानी, फटाहा गौरव जस्ताकी स्वास्नी भएर बस्नुभन्दा अस्तित्वसहितको एक्लो जीवन बाँच्न प्रियाले गौरवलाई छोडेर हिँडेको देखिन्छ। पुरुषले मात्रै नारीलाई छोड्न सक्ने होइनन् नारीले पनि पुरुषलाई छोड्न सक्छन् र ऊबिना पनि सुखी र खुसी जीवन जिउन सक्छन्

भन्ने कुरा प्रियाका माध्यमबाट देखाइएको छ । गौरवले परित्याग गरेकी आर्याले नै उसलाई जेलबाट मुक्त गर्न आफ्नो श्रीमान्सँग भनेर पैसाको व्यवस्था गराइदिएको देखिन्छ । आर्याले गौरवभन्दा शक्तिशाली, सम्पन्न, सुन्दर र विशालहृदयी आदित्यसँग बिहे गरेर अस्तित्वसहितको पीडामुक्त खुसी जीवन बिताएको देखिन्छ ।

कहिले सारा, कहिले आर्या त कहिले प्रियाको यौवनसँग खेल्न चाहाने, उनीहरूलाई अस्तित्वविहीन देख्ने गौरवको जीवन नरकीय जेलमा कोचिएको देखिन्छ भने उसद्वारा परित्याग गरिएका र उसको उत्पीडन भेलेकाहरूले छाती चौडा, शिर ठाडो गरेर आत्माभिमानका साथ उसको शिर भुक्ने गरी उसकै अगाडि उभिएका देखिन्छन् । पुरुषसत्ता र पुरुषचिन्तनले थिचेका नारीहरूमा लैङ्गिक अवधारणाको जन्म भएको छ र पुरुषको अन्याय, अत्याचार, दमन, शोषण जस्ता उत्पीडन सहेर नबसी *उत्सर्ग* उपन्यासका नारी पात्रहरू अस्तित्वसहितको जीवन बाँच्न सफल देखिन्छन् । सानु शर्माका नारी पात्र पढेलेखेका र सचेत देखिन्छन् । उनीहरूले आफू हुनुको अस्तित्वबोध गरेको देखिन्छ र आफ्नो यौनिकता, प्रजनन् स्वतन्त्रता, विचारधारा र गतिशीलता आदिमाथि दमन गरेर आफ्नो स्वायत्तता र अस्मिता अपहरित हुने गरी शरीर प्रयोग गरेकाप्रति प्रतिरोध गरेको पाइन्छ । पितृसत्ताका कारण नारीहरूले पाएका उत्पीडन, पुरुष प्रभुत्व र नियन्त्रणको प्रभावकारी संवेदनापूर्ण अभिव्यक्ति पनि उपन्यासमा पाइन्छ । उपन्यासका नारी पात्र उत्पीडन सहेर बस्नुको सट्टा आफूमाथि भएका प्रत्येक अन्याय, अत्याचार, दमन र शोषणको प्रतिरोध गर्न सफल देखिन्छन् । यसरी *उत्सर्ग* उपन्यासमा लैङ्गिक उत्पीडन, लैङ्गिक अस्तित्व र लैङ्गिक अवधारणलाई देखाइएको छ ।

## सन्दर्भ सामग्रीसूची


खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

ढुङ्गाना, कमला (२०७६). *शारदा शर्माका उपन्यासमा लैङ्गिकता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७७क). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ख). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, सानु (२०७७). *उत्सर्ग.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

Beasley, chris (2005). *Gender and sexualiy.* New Delhi : Sage publications.

Butler, Judith (1999). *Gender Trouble.* Londen : Great Britain by Routledge.